म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १४१ बुधबार, १४ पुस २०७८ दशमी ने. सं. ११४२ थिंलागा 29 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सिद्धार्थका विद्यार्थीलाई छात्रवृत्ति

हेटौँडा/हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा अध्ययनरत् १३ जना विद्यार्थीलाई छात्रवृत्ति दिइएको छ ।

पदमादेवी-केदारनाथ ढकाल स्मृति अक्षयकोषले अध्ययनरत विपन्न एवम् जेहेन्दार १३ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको हो । मंगलबार विद्यालय परिसरमा ढकाल परिवारका ज्येष्ठ सदस्य विष्णुप्रसाद शर्मा ढकालको उपस्थितिमा छात्रवृत्ति वितरण गरिएको थियो ।

सिद्धार्थमै अध्यापन गर्ने शिक्षक पुरुषोत्तम ढकाल र उनका दाई ठाकुरनाथ ढकालले स्वर्गीय माता-पिता पदमादेवी-केदारनाथ ढकालको स्मृतिमा ४ लाख रुपैयाँको अक्षयकोष स्थापना गरी व्याज आम्दानीबाट छात्रवृत्ति वितरण गरेको विद्यालयले जनाएको छ । छात्रवृत्तिस्वरुप विद्यार्थीलाई स्कूल व्याग, कापि, डटपेनलगायतका शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । छात्रवृत्ति वितरण कार्यक्रममा सिद्धार्थ मावि व्यवस्थापन समितिका अध्यक्ष मधु बजगाई, प्रधानाध्यापक मोहनप्रसाद शर्माको पनि उपस्थिति रहेको थियो ।

# हेटौँडाभित्रका १७ वटा सहकारी 'गायव'

नवीन तिमल्सिना




हेटौँडा/हेटौँडा उपमहानगरपालिकाभित्र सञ्चालित १७ वटा सहकारी नै गायब रहेको भेटिएको छ । हेटौँडा उपमहानगर-पालिका कार्यालयअनुसार १७ वटा सहकारी अस्तित्वमै छैनन् ।

तत्कालिन डिभिजन सहकारी कार्यालय, मकवानपुरबाट जिम्मेवारी हस्तान्तरण भएपछि उपमहानगरले १७ वटा सहकारी खोजिरहेको पाइएको छ । तर, ती सहकारीले तोकेको ठेगानामा उपमहानगर जाँदा सहकारी नै फेला नपरेको हो ।

'हेटौँडाभित्रका १७ वटा सहकारी गायब छन् । उल्लेखित ठेगानामा जाँदापनि सहकारी भेटिएन् । त्यो सहकारी कस्को झोलामा छ थाहा छैन् । हामी खोज्दै छौं ।,' हेटौँडा उपमहानगर पालिका उद्योग, सहकारी, पर्यटन र खेलकुद शाखा प्रमुख हिम प्रसाद पौडेलले भने ।

पौडेलले सहकारी शाखाको जिम्मेवारी पाएपछि ती सहकारी खोजिरहेका छन् । अस्तित्व नै नभएका १७ वटा सहकारीले दुई वा दुई भन्दा बढी वर्षदेखि नियमित गर्नुपर्ने वार्षिक लेखा परीक्षण नगरेको, वार्षिक रुपमा साधारणसभा नगरेको, कार्यालयमा नियमित पठाउनु पर्ने प्रगति प्रतिवेदन नपठाएको र संस्थाले तोकेका ठाउँमा जाँदा सहकारी नै नभेटेको शाखा प्रमुख पौडेलले जानकारी दिएका छन् । 'तत्कालिन डिभिजन सहकारीको विवरणमा रहेका १७ सहकारी बेखबर छन् ।,' उनले सुनाए ।

हेटौँडा उपमहानगर-पालिकाले गायब भएका १७ वटा सहकारी स्थानीय सहकारी ऐनलाई टेकेर खारेज गर्ने तयारी गरेको छ । यी सहकारीको सम्बन्धित व्यक्तिलाई सहकारीले संस्था खारेजी सन्बन्धमा पत्र काट्ने तयारी गरेको हो । 'हामीले निष्क्रिय सहकारीलाई पत्र पठाउँदै छौं । हाम्रो सूचनालाई मानेर ३५ दिनभित्र कार्यालयमा कारण पेश गर्नु पर्नेछ । नत्र ती सबै सहकारी खारेज हुनेछ ।,' पौडेलले थपे । यद्यपि, सहकारी खारेज गर्न भने उपमहानगरलाई सहज छैन् । सहकारीहरुको सम्पत्ति दायित्व, पुँजी स्रोत र सेयरको निक्यौंल गरेपछि मात्रै खारेज गर्नुपर्ने कानुनी व्यवस्था छ ।

तत्कालीन डिभिजन सहकारी कार्यालयले उपमहानगर पालिकालाई २ सय २७ वटा सहकारीको विवरण उपलब्ध गराएको थियो । जसमध्ये २ सय २१ वटा सहकारी मात्रै अस्तित्वमा छन् । बाँकी ६ वटा सहकारीको अस्तित्व नै नरहेको शाखा प्रमुख पौडेलले जानकारी दिए । अन्य ११ वटा सहकारी कहाँबाट र कसरी सञ्चालन भइरहेका छन् भन्ने जानकारी उपमहानगरपालिकालाई नै नभएको पौडेलको भनाई छ । अस्तित्वमै नभएका १७ वटा सहकारी पमदपोखरी, हटिया, हर्नामाडी, बसामाडीका रहेका छन् ।

हेटौंडा उपमहानगर पालिकाले गायब भएका १७ वटा सहकारीमध्ये ४-५ वटा सहकारी एकीकरण भएको हुने सक्ने आकंलन गरेको छ । तर, एकीकरण भएपछि उपमहानगरलाई कुनै विवरण सहकारीहरुले उपलब्ध नगराएको सहकारी शाखा प्रमुख पौडेलले बताए ।

'गायब भएका १७ वटा सहकारीले मर्ज गरेकी भन्ने आंकलन हाम्रो छ । तर, यहाँ रिपोर्ट नै नआइपुगेकाले मर्ज भएको मान्ने अवस्था रहँदैन् ।', उनले भने । उपमहनगरपालिकाले सहकारी संस्था दर्ता गरेर सरकारबाट अनुदान खाएर निष्क्रिय भएको अशंका पनि गरेको छ । अनुदान खाएर सहकारी निष्क्रिय पारेको भेटिए कारबाही हुने पौडेलको भनाई छ ।

उपमहानगरमा भएका कुल सहकारी संख्यामध्ये सबैभन्दा धेरै ६० प्रतिशत सहकारी बचत तथा ऋण छन् । ३० प्रतिशत सहकारी कृषि क्षेत्रका छन् भने १० प्रतिशतमात्रै बहुउद्देश्यीय सहकारी छन् । उपमहानगरपालिकको सहकारी ऐन, अनुसार बहुउद्देश्यीय सहकारी दर्ता हुँदैनन् ।

१० प्रतिशत बहुउद्देश्यीय सहकारी पुरानै दर्तामा उपमहानगर भित्र सञ्चालित रहेको पौडेलले बताए । बागमती प्रदेशको सहकारी ऐन, अनुसार भने प्रदेशमा बहुउद्देश्य सहकारी दर्ता हुनेछ । प्रदेशमा दर्ता भएर आएका सहकारीको भने उपमहानगरपालिकाले नियमन गर्न नपाउने भएकाले काम गर्न असहज भएको पौडेलको भनाइ छ ।



**टिपरको रजाईं:** त्रिभुवन राजपथ अन्तर्गत पर्ने मकवानपुरको उत्तरी क्षेत्र भीमफेदी गाउँपालिका-१ स्थित बाघझोरा नजिक टिपरको लाइन । नदी उत्खनन् गरेर ढुंगा लोड गरिएका टिपर राजपथमा घण्टौं लाइनमा बस्ने गरेका छन् । जसका कारण सांघुरो सडकमा दुर्घटनाको जोखिम बढ्ने गरेको छ । *तस्वीर: साझाकुरा*

# चिसो बढेसँगै वर्षा र हिमपातको सम्भावना



काठमाडौं (रासस)/हाल देशमा पश्चिमी न्यूनचापीय प्रणालीको प्रभाव रहेको छ ।

उक्त मौसमी प्रणालीका कारण अहिले देशभर सामान्यदेखि पूर्ण बदली रहेको छ । देशका केही स्थानहरुमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपातको पनि सम्भावना रहेको छ । महाशाखाले आगामी २४ घण्टाका लागि चेतावती तथा परामर्श जारी गर्दै देशभर चिसो बढ्ने क्रममा रहेकाले चिसोबाट बच्न आवश्यक सुरक्षा एवं सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ ।


देशको पहाडी तथा हिमाली क्षेत्रका केही स्थानमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको तथा देशका पहाडी भूभागको केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । रातिको समयमा देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्ष र उच्च हिमाली तथा पहाडी भेगमा हल्का हिमपातको सम्भावना रहेको छ ।

पहाडी भेगमा बाक्लो तुवाँलो लागेको छ भने तराईका कतिपय स्थानमा हुस्सु/कुहिरो लागेको छ । बुधबार पनि देशभर सामान्यदेखि पूर्ण बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ । उच्च हिमाली तथा पहाडी भेगमा हल्का हिमपातको सम्भावना रहेको छ । महाशाखाको पछिल्लो विवरणमा काठमाडौंको न्यूनतम तीन दशमलव छ र अधिकतम तापक्रम १५ दशमलव दुई डिग्री सेल्सियस रहेको छ ।

# मकवानपुरमा मंगलबार थपिए ३ जना कोरोना संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा थप ३ जनामा कोरोनाभाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको छ । जिल्लामा पछिल्लो २४ घण्टामा १८ जनाको पीसीआर र एन्टिजेन परीक्षणमा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।



स्वास्थ्य कार्यालयका अनुसार, संक्रमण पुष्टि हुने हेटौंडा उपमहानगरपालिकाका २ जना र मकवानपुरगढी गाउँपालिकाका एक जना रहेका छन् । यससँगै जिल्लामा कोरोना संक्रमण पुष्टि हुनेको कुल संख्या १५ हजार ५ सय ६७ जना पुगेको छ । यस्तै, जिल्लामा पछिल्लो २४ घण्टामा ३ जना संक्रमणमुक्त भएका छन् भने संक्रमणबाट कुनै पनि व्यक्तिको मृत्यु भएको छैन । जिल्लामा हालसम्म संक्रमणमुक्त हुनेको कूल संख्या १५ हजार २ सय ९२ जना पुगेका छन् ।

यस्तै, जिल्लामा हालसम्म संक्रमणका कारण १६७ जनाको मृत्यु भएको छ । जिल्लामा हालसम्म हेटौंडाका १ सय १९ जना, थाहानगर पालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनै पनि व्यक्तिको मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

# काउलीभित्र गाँजा राखेर तस्करी



साझाकुरा संवाददाता

हेटौंडा/प्रहरीलाई झुक्याउने प्रयास गर्दै काउलीको बोराभित्र राखेर गाँजा तस्करी हुँदै गर्दा मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

गाँजा तस्कर गर्न नयाँ 'आइडिया' लगाएर बाउलीभित्र गाँजा राखेको अवस्थामा प्रहरीले साढे ६९ किलो लागूऔषध गाँजासहित ३ जनालाई पक्राउ गरेको हो ।

हेटौंडा-१ स्थित पालुङ बसपार्कमा ना १ ह ७६३८ नम्बरको अटोमा गाँजा ल्याउँदै गरेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्र गुरुङले जानकारी दिए । उनका अनुसार तरकारीको बोराभित्र काउली राखेर त्याहाँ गाँजा लुकाइएको थियो ।

अटो चालक मकवानपुरको विकट कैलाश गाउँपालिका वडा नम्बर ५ कटहरे घर भई हाल हेटौंडा-७ कमाने बस्ने ३४ वर्षीय सिताराम मोक्तान, गाँजा ओसार पसारमा संलग्न कैलाश-१ बस्ने ३३ बर्षीय अमर बहादुर गिरी र सोही ठाउँका २६ बर्षीय इन्द्रबहादुर मोक्तान पक्राउ परेका हुन् । अभियुक्तमाथि थप अनुसन्धान भइरहेको एसपी गुरुङले जानकारी दिए ।




# हेटौँडामा 'पढ्दै, कमाउँदै' अभियान सुरु

साझाकुरा संवाददाता

**नेपालमा नै पहिलो पटक पढाइलाई व्यवसायिक सिकाइमा रुपान्तरण गर्दै विद्यार्थीलाई दक्ष जन शक्तिको रुपमा उत्पादन गर्ने योजना ल्याएको दाबी छ ।**




हेटौंडा/हेटौंडा-१० स्थित सार्क एजुकेशन फाउण्डेशन तथा नारायणी कलेजले बिबिएसमा अध्ययन गर्ने विद्यार्थीको लागि पढ्दै कमाउँदै अभियान सुरु गरेको छ ।

मंगलबार बागमती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमका बीच फाउण्डेशनले अभियान सुरु गरेको हो ।

कलेजले मंगलबारबाटै विद्यार्थी तथा अभिभावकहरुसँग अभियानको विषयमा बृहत अन्तर क्रियासमेत गरेको छ । मोटिभेस्नल स्पिकर योगी नवराज छमले अन्तर क्रियामा सहभागीको जिज्ञासालाई सम्बोधन गर्नुको साथै अभियानबारे जानकारी प्रदान गरेका थिए । फाण्डेशनको कार्यकारी अधिकृत लक्ष्मण बस्नेतको सभाध्यक्षतामा भएको अन्तरक्रियामा कार्यक्रम निर्देशक किशन बास्तोलाले अभियानबारे प्रष्ट पारेका थिए ।

समारोहलाई सम्बोधन गर्दै सभामुख श्रेष्ठले विद्यार्थीको पढाइसंगै उनीहरुको क्षमता विकास गर्ने उदेश्यका साथ ल्याइएको उक्त कार्यक्रमको प्रशंसा गरे । कलेजको योजनाअनुरुप सो कार्यक्रम कार्यान्वयन गर्न सके विद्यार्थीको क्षमता अभिबृद्धि हुनुको साथै राष्ट्रले नै सबल र सक्षम जनशक्ति प्राप्त गर्ने विश्वाससमेत व्यक्त गरे ।

निर्देशक बास्तोलाले कलेजले बिबिएसमा अध्ययन गर्ने विद्यार्थीले कसरी पढ्दै कमाउँदै गर्न सक्छ भन्ने विषयमा अध्ययन गरेर आफुहरुले उक्त कार्यक्रम अघि सारेको बताए ।

कलेजले थप शुल्क नलिइकन विद्यार्थीलाई अध्ययनकै शिलशीलामा विभिन्न शिपमुलक तालिम प्रदान गरी कम्तिमा पनि पढाइ खर्च उनीहरु आफैंले जुटाउन सक्ने वातावरण बनाइदिने यो अभियानको लक्ष्य रहेको बताए ।

'हामी विद्यार्थीलाई कम्तिमा पनि आृनो पढाइ खर्च जुटाउन सक्ने बनाउँछौं । अध्ययनकै शिलशीलामा उनीहरुलाई जनशक्तिको रुपमा विभिन्न क्षेत्रमा कामको व्यवस्था मिलाउँछौं ।

बिबिएस अध्ययन पुरा गर्दासम्म उनीहरुलाई दक्ष जनशक्तिको रुपमा विकास गर्ने हाम्रो उदेश्य हो । यो अभियानले विद्यार्थीलाई अध्ययन पश्चात् रोजगारी गर्ने होला भन्ने चिन्ता हुँदैन ।' उनले भने । नेपालमा नै पहिलो पटक पढाइलाई व्यवसायिक सिकाइमा रुपान्तरण गर्दै विद्यार्थीलाई दक्ष जन शक्तिको रुपमा उत्पादन गर्ने योजना आफुहरुको रहेको उनले स्पष्ट पारे । यो अभियान बेरोजगारी समस्याको सामाधान हुनसक्ने उनको भनाइ छ ।

फाउण्डेशनको कार्यकारी अधिकृत लक्ष्मण बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदी, क्याम्पस प्रमुख रघुनाथ खराल, क्याम्पसका शिक्षकहरु कमल नेपाल, मनोज यादव, सरिता तिवारी, सन्दिप न्यौपानेलगायतको सहभागिता रहेको थियो ।

साझाकुरा

## हाम्रो कुरा

# कडा कानून कहिले ?

बढ्दो बलात्कारका घटनाले मानवीय सम्वेदना निकै तल पुगेको आभाष मिल्दछ । बढ्दो बलात्कारका घटनाले देशको कानून नै कमजोर बनेको हो कि भन्ने प्रश्चचिन्ह खडा गरेको छ । बलात्कारीलाई 'फाँसी' नै दिनुपर्ने आवाज पनि उठ्न थालेको छ । शनिबार मात्रै काठमाडौंमा केही महिलाहरुले बलात्कारीलाई फाँसी दिने कानून निर्माण गर्न माग गर्दै अर्धनग्न प्रदर्शन गरेका छन् । यसले बलात्कारीलाई हदैसम्मको कानूनी कारवाहीको व्यवस्था गर्नु आवश्यक रहेको जनाउ दिएको छ ।

बालिका बलात्कार, महिला बलात्कार, वृद्धा बलात्कार, सामूहिक बलात्कार, बलात्कारपश्चात् हत्याजस्ता मानव सभ्यतामाथि नै कलंक लाग्ने घटनाका समाचार सार्वजनिक हुनु भनेको कसैलाई पनि सह्य हुँदैन । जन्म दिने पितादेखि शिक्षा दिने गुरु, आश्रय दिने दाता, अभियन्ता, रक्षक सबैबाट महिला तथा बालिका असुरक्षित हुने गरेका दृष्टान्तहरु अखबारमा खबर बनिरहेका छन् । बलात्कारका अधिकांश घटनाहरु गुपचुप रहने गर्दछन् । सार्वजनिक भएका घटनाहरुमा पनि पर्याप्त प्रमाण नपुगेको भन्दै अपराधीले उन्मुक्ति पाइरहेका हुन्छन् ।

यसका पछाडि शक्ति र पैसाको प्रभाव नै मुख्य रहेको पाइन्छ । बलात्कार एक अमानवीय र सिंगो मानवजातिका लागि लज्जास्पद कुकर्म हो । यस्ता कुकर्म गर्ने जोसुकै भए पनि कडा कारबाहीको भागीदार हुनैपर्छ । तर शक्तिको आडमा, यो वा त्यो बहानामा त्यस्ता अभियुक्तहरुले उन्मुक्ति पाउनु विडम्बना नै हो । दिनहुँजसो भइरहेका यस्ता घटना एकपछि अर्को गरी डरलाग्दो रुपमा बढोत्तरी भइरहेको छ । यस्तो अक्षम्य अपराधमा कडा दण्डको व्यवस्था नहुँदा घटनाको पुनरावृत्ति भइरहेको विश्लेषण गरिँदै आएको छ । बलात्कारका घटना किन बढिरहेका छन् ? यो सवाल सरकार र सम्बद्ध निकायले निरुपण गर्नुपर्ने विषय हो ।

बलात्कारजस्तो निकृष्ट अपराध गर्नेलाई उन्मुक्ति दिने, मिलोमतोमा अभियुक्तलाई छुटकारा दिने, शक्तिको आडमा मुद्दा कमजोर बनाएर पीडकलाई छुट दिइने प्रवृत्ति छ । पछिल्लो समय बलात्कारका घटनामा पारिवारिक सम्बन्ध भएका, नजिकका आफन्त, साथीभाइ र भरोसा गरेका व्यक्ति नै बढी संलग्न देखिएका छन् । समाजमा विश्वासको कतिसम्म संकट रहेछ भन्ने उदाहरण हो यो । बलात्कारको शिकार हुने अधिकांश १६ वर्षमुनिका बालिका र प्रौढ रहेको पाइन्छ ।

बलात्कारजस्तो घटनामा दोषीले उन्मुक्ति पाउनु भनेको अपराधले प्रश्रय पाउनु हो । यो गम्भीर सामाजिक चुनौतीका रुपमा खडा भइसकेको मुद्दा भएकाले अब यसविरुद्ध सिंगो समाज नै अग्रसर हुनुपर्ने अवस्था आइसकेको छ । बलात्कारका घटना वृद्धि हुँदै गएको कारण केहीअघि ३ नम्बर प्रदेशसभा बैठकमा सांसद्हरुले बलात्कारीलाई मृत्युदण्ड दिइनुपर्ने माग गरेबाट पनि यसप्रतिको जनअपेक्षा बुझ्न सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा


## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस १५ गते विहीबार ३० डिसेम्बर २०२१ । सफला एकादशी । थिंलागा ११४१ । सूर्योदय ६:५५ र सूर्यास्त ५:२१ मा हुनेछ । तमु ल्होसार ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आम्दानी बढ्ने | तुला | : शैक्षिक उन्नती |
| वृष | : काम बन्ने | वृश्चिक | : प्रेममा सफलता |
| मिथुन | : यात्राको योग | धनु | : धन आर्जन |
| कर्कट | : जमघट बढ्ने | मकर | : आलश्यता |
| सिंह | : सफलता हासिल गरिने | कुम्भ | : स्वास्थ्यमा समस्या |
| कन्या | : धन आर्जन | मीन | : नैराश्यता |

# दोस्रो विश्रामको खोजीमा प्रचण्ड



**अनिष भट्टराई**

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषित भएको ६ वर्ष बढी भयो । २०७४ मा तीनै तहको निर्वाचनसँगै नेपालमा पहिलोपटक संघीय संरचना लागू भएको हो । घोषणा भएको ६ वर्ष र संघीय संरचनामा गएको ४ वर्षमै संघीयताबारे नेपाली जनतामा मिश्रित प्रतिक्रिया छ । धेरै नेपालीहरू संघीयता दीगो हुनेमा विश्वस्त छैनन् । त्यसो त संघीयता खारेजी गरिनुपर्ने माग पनि नउठेका पनि होइनन् । नेपालको अर्थव्यवस्थाले संघीयता धान्न नसकेको र नेपालजस्तो सानो मुलुकमा एकात्मक शासकीय प्रणालीमा फर्किनुपर्ने आवाज पनि बुलन्द हुँदै गएको छ । नेपाली राजनीतिमा वैकल्पिक शक्तिको निर्माण गर्ने घोषणासहित व्यावसायिक पत्रकारितामा पूर्णविराम मारेर राजनीतिमा प्रवेश गरेका रवीन्द्र मिश्र अहिले यसका नाइके छन् । बरु दक्षिणपन्थी भनिएको राजावादी दल राप्रपाले उति ठूलो स्वर गरेको छैन, जति मिश्रको छ ।

धर्म निरपेक्षता र संघीयताका बारेमा जनमत संग्रह हुनुपर्ने आवाज उठाएका मिश्रको टिप्पणी चुनावी एजेन्डा हुन पनि सक्छ तर उनको नाराले आकर्षण बढीरहेको छ । किनकी संघीयतामा गइसकेपछि देखिएका राजनीतिक परिदृश्यले अहिले संघीयता महङ्गो बनेको अनि काम गर्ने क्षमता बिना प्रदेश र स्थानीय तहमा पठाइएको स्रोतको दुरुपयोग भइरहेको सन्देश गइरहेको छ । चुनावी 'स्टन्ट' नै किन नहोस्, मिश्रले संघीयता खारेजीको पक्षमा रहेको समूहको समर्थन पाइरहेका छन् । मिश्रले एजेन्डा यसै उठाएका पनि होइनन् । संघ र प्रदेश सरकार जुन शैलीले सञ्चालन भएका छन्, त्यही शैलीका कारण संघीयता आलोचित बनेको हो । सत्तारोहणका लागि प्रदेश सभामा भएका अभ्यास बिर्सन लायक छन् । भर्खरै बागमती प्रदेशमा १८ सदस्यीय मन्त्रिपरिषद् बनाइएको छ, त्यो पनि गठबन्धन टिकाउने नाममा । पाँचदलीय गठबन्धन टिकाउने नाममा नाचिएको नाङ्गो नाचहेर्न नसकेर जनताले मुन्टो फर्काउनुपर्ने स्थिति छ । एउटै भवनको झ्यालझ्यालमा ४/५ मन्त्रालय राखिएको तस्बिर सामाजिक सञ्जालमा यत्रतत्र छन् । बाँकी प्रदेश सरकारहरु र संघ सरकारकै सञ्चालन पनि आलोचनामुक्त हुन सकेको छैन । नेपाली राजनीतिक दलका नेताहरूमा देखिएको सर्वसत्तावाद र राष्ट्रिय राजनीतिलाई आफूमा केन्द्रीकरण गर्न खोज्ने शैली पनि उत्तिकै जिम्मेवार छ । अहिले नेपाली राजनीतिमा ५ दलीय गठबन्धनले सरकार सञ्चालन गरिरहेको छ । नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चाको गठबन्धनले सरकार चलाइरहेको छ । संघीयता विफलोन्मुख छ, खारेज हुनुपर्छ भन्ने माग उठ्नुमा अहिलेको सरकार आंशिक दोषी छ । यसको बढी दोषचाहिँ यसअघिको सरकारले लिनुपर्छ, जुन तत्कालिन नेकपा एमाले र माओवादीको एकीकरणपछि बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले हाँकेको थियो ।

संघीयता अभ्यासपछि बनेका यी दुई सरकारमा एउटै समानता छ । त्यो हो- दुवै सरकारमा अहिलेको नेकपा माओवादी केन्द्र सहभागी थियो । माओवादी त्यही दल हो, जसले नेपालमा दश वर्षे जनयुद्ध चलायो । नेपालमा गणतन्त्र, राज्य पुन:संरचना, संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व स्थापित हुनुपर्ने भन्दै पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको माओवादी पार्टी जंगल पसेको थियो । माओवादीले माग गरेका एजेन्डा स्थापित भएका पनि छन् । गणतन्त्र, संघीयता, समानुपातिक समावेशी प्रतिनिधित्व, राज्य पुन:संरचनाका एजेन्डा ल्याउन माओवादीको हात छ । एजेन्डा स्थापित गरेर मात्र पुग्दैन, ती एजेन्डाको सार्थकता पनि सावित गर्न सक्नुपर्छ । जुनमा माओवादी चुकेको छ । संघीयता, गणतन्त्र, धर्म निरपेक्षताका बारे प्रश्न उठ्दा, आलोचित बन्दा सबैभन्दा बढी जवाफ माओवादीले दिन सक्नुपर्थ्यो । किनकी माओवादीले यसको हिमायती आफू रहेको दाबी गर्ने गरेको छ । माओवादीले लडेर ल्याएको व्यवस्थामा संकट आउँदा माओवादीले नै अग्रस्थानमा बसेर प्रतिरक्षा गर्न सक्नुपर्थ्यो । खुला राजनीतिमा आएको १५ वर्षमा १२ वर्ष माओवादी सत्तामै छ । तरपनि उसले यी एजेन्डाहरू बलियोसँग स्थापित गर्न सकेन । लामो समय सत्तामा रहँदा माओवादीले सत्ताको तर मार्नेबाहेक उल्लेखित एजेन्डाहरूको जग बलियो पार्न नसकेको विश्लेषकहरू बताउँछन् । माओवादी आन्दोलनबाट जेलाई उपलब्धि मानिएको छ, त्यसलाई प्रतिरक्षा गर्न नसक्नु भनेको जनयुद्धमा मारिएका १७ हजार जना नेपालीको रगतको अपमान हो, शहिद, बेपत्ता, घाइते, अपाङ्गका र तीनका परिवारका बेदनामा अट्टाहास हो । माओवादीका एजेन्डा बलियोसँग स्थापित हुननसक्दा माओवादी आन्दोलनको औचित्यमाथि नै प्रष्ट उठाएका छन् । माओवादी आन्दोलनको नेतृत्व गरेका नेताहरु नै अहिले तितरबितर छन् । मोहन वैद्य 'किरण', बाबुराम भट्टराई, नेत्रविक्रम चन्द, रामबहादुर थापा 'बादल' सबैले माओवादी आन्दोलन छाडिसकेका छन् । माओवादी आन्दोलनको अपनत्व लिएका भनिएका माओवादी सुप्रिमो प्रचण्डले नै पार्टीलाई एमालेसँग एकीकरण गराएर माओवादीको छुट्टै अस्तित्व लामो समय नरहने जनाउ दिइसकेकै हुन् । तर एकीकृत पार्टीमा अर्का अध्यक्ष केपी शर्मा ओलीसँगको द्वन्द्वले अस्तित्व बचाउन प्रचण्डले माओवादी पार्टी पुन: ब्यूँताए । तर अहिले उनलाई माओवादीको पहिचान जोगाउने संकट परेको छ ।

एकीकृत पार्टी फुटेर पूर्ववत अवस्थामा एमाले र माओवादी बनिसकेपनि ओलीले माओवादीका नेता कार्यकर्तालाई एमालेमा ल्याउन पहल गरिरहेका छन् । 'जनयुद्धका पूर्व लडाकुहरुको व्यवस्थापन हामी गर्छौं, दशौं हजार पूर्वलडाकुहरु एमालेमा प्रवेश गर्ने क्रममा हुनुहुन्छ,' ओलीले दशौं महाधिवेशनको उद्घाटन सत्रमा भनेका थिए । अझ उनले त्यस सम्बोधनका क्रममा जनयुद्धका लडाकु, घाइते, अपांगका पक्षमा काम गर्न प्रचण्डले नै रोकेको समेत आरोप लगाए । त्यो सम्बोधनले प्रचण्डलाई कति गिज्यायो, यो उनै जानुन् । बाँदरमुडे घटना पछि दुई/तीन दिन भात पनि नखाइ हिँडेको बताउने प्रचण्ड खुला राजनीतिमा आएपछि सत्ता र शक्तिको मात्र पछि दौडिरहेका छन् । जंगलका ती 'कमाण्डर' प्रचण्ड खुला राजनीतिमा आएपछि एकाएक कसरी सत्तालोलुप बने यो पनि उनै जानुन् । माओवादी आन्दोलन र उसले उठाएका एजेन्डा किन एकाएक विफल बन्यो त ? राजनीतिक विश्लेषक झलक सुवेदी भन्छन्, 'गरिब, निमुखाको नाम लिएर काठमाडौंमा सत्तारुढ वर्गसँग लहसिएर हिँड्न थाले । केही नेताहरू उग्रवामपन्थी बाटोमा लागे, जनवादी क्रान्ति गर्नुपर्छ भनेर केही लागे । नीतिगत, वैचारिक, स्पष्टता नहुँदा माओवादी आन्दोलनको यो गति भयो ।' माओवादी नेतृत्वको ढुलमुले प्रवृत्तिले माओवादी अहिले गन्तव्यविहिन बनेको छ । प्रचण्ड आफैं पनि थुप्रै एजेन्डा (ठेक्का) बोकेर हिँडेका छन् । उनलाई अहिलेको गठबन्धन जोगाउनु छ, एमसीसीको संसदीय अनुमोदन रोकेर फिर्ता पठाउनुछ, समाजवादमा पुग्ने योजना सुनाउँदै पुँजीवादको नाइके पनि उनैलाई बन्नुछ । प्रचण्ड अत्यन्त ढुलमुले र झनै अस्थिर बनेका छन् । सुवेदी पनि यसलाई सत्य मान्छन् । 'माओवादी अहिले राजनीतिक रुपले अस्थिर र एजेन्डा विहिन छ,' सुवेदीले भने ।

प्रचण्डकै भाषामा 'ऐतिहासिक महान र गौरवशाली जनयुद्ध' गरेर इतिहास बनाएको माओवादी अहिले आफैं इतिहासमा दर्ज हुने लयतर्फ मुखरित छ । भलै प्रचण्डले आठौं महाधिवेशनमा आफ्नो राजनीतिक प्रतिवेदन सार्वजनिक गर्दै 'विचारमा क्रमभंगता गरेर समाजवादको लक्ष्य तय गर्ने' बताइरहेका छन् । तर यो अहिले नै सम्भव छैन । एक दलीय शासन कायम गर्ने एजेन्डा बोकेर जंगल पसेको माओवादीले 'उदार लोकतन्त्र' मानेपछि नै माओवादीमा ढुलमुले प्रवृत्ति बढेको सुवेदीको विश्लेषण छ । पहिलो संविधानसभा र दोस्रो संविधानसभा निर्वाचनका बीचका बेला माओवादी अन्तरद्वन्द्वमा फसेकाले माओवादी आन्दोलन सफल हुन नसकेको सुवेदीको विश्लेषण छ । 'दुई संविधानसभाकाबीच माओवादी विरोधाभाषमा फस्यो, काम गर्न नसकेपछि २०७० को निर्वाचनमा जनताले पत्याएनन्, माओवादी खुम्चियो । आफैंले उठाएको एजेन्डाको आफैंले स्वामित्व लिन सकेन,' सुवेदी भन्छन् । प्रचण्ड अहिले आफूलाई नेपाली राजनीतिको शक्ति केन्द्र ठान्छन् । तर उनलाई यस स्थितिमा ल्याइपुऱ्याउने जनताको भने उनले अवमूल्यन गरेको कटुसत्य छ । संघीयता, धर्मनिरपेक्षता लगायत विषयमा 'निर्मम प्रहार हुने' निश्चितप्राय: छ । तर उनी अहिले यसको रक्षा गर्न तयार देखिँदैनन्, गर्न सक्ने अवस्थामा पनि छैनन् । जंगलबाट खुला राजनीतिमा आउँदाको क्रान्तिकारिता जोगाउन नसक्नु र सत्ता प्राप्तिपछि चाँडो स्खलन हुनु माओवादीको ठूलो भुल हो ' आफूले उठाएका एजेन्डा बलियोसँग स्थापित गर्न नसक्नुमा माओवादीमा देखिएको विचलन, अकर्मण्यता, सत्तालोलुपता र दिशाहीनता र फुट जिम्मेवार छ । होइन भने विपक्षीलाई 'भित्तामा पुऱ्याउने' प्रचण्ड आफैंमा भित्तामा पुग्ने स्थिति किन आउँथ्यो र ' महाधिवेशनको उद्घाटन सत्रमा प्रचण्डले विचार मिल्ने कम्युनिष्ट पार्टीहरूबीचको एकताको अपिल गरेका छन् । प्रचण्ड आफैंपनि माओवादी आन्दोलनलाई एक्लै अघि बढाउन सकिनेमा आश्वस्त छैनन् । पहिले एमालेसँग पार्टी एकता गरेर माओवादी आन्दोलनलाई विश्राम दिएका प्रचण्डले दोस्रो विश्रामको खोजी गरिरहेको स्पष्ट छनक दिएका छन् ।

*साभार: ईकागज*

# छोराहरू विदेश, बुहारीहरू नातिनातिना लिएर सहर

**रमाकान्त शर्मा**

क्यामिन झर्न ठुलढुंगाबाट ओरालो झर्दै थियौं। एकजना वृद्ध महिलाले बोरामा भारी बोकेर ओरालो झर्दै गरेको भेटियो। साँझ पर्न थालिसकेको समयमा गरुङ्गो भारी बोकेर आराम गर्नुपर्ने उमेरकी एक्ली महिला भेटिएपछि केही कुराकानी गर्ने मन भयो ।

'आमा के लिएर हिँड्नु भयो?'

'भैंसी र भाखालाई कुँडो बनाउन मिलबाट मकै पिँधेर ल्याएकी हुँ।'

'किन यति ढिला गर्नुभयो त?'

'दिनभर लाइन आएन, भर्खर लाइन आएर पिसाउँदा ढिला भयो।'

'घरमा को-को हुनुहुन्छ र?'

'बुढा र ममात्र हो।'

'छोराछोरी छैनन् र ?'

'छन्, उनीहरु बाहिर-बाहिर छन्।'

'कता छन् ? के गर्दैछन्?'

'दुई छोरा साउदी र मलेसिया छन्। छोरीहरु विवाह गरेर घर गए।'

'छोराहरुको बिहे गरिदिनु भएको छैन?'

'दुवैको बिहे गरेको छ, नातिनातिना पनि छन्।'

'बुहारीहरु, नाती-नातिना आएनन् त मकै पिध्न?'

'छोराहरुको भिसा लागेर विदेश उडे, बुहारीहरु नातिनातिना लिएर बोर्डिङ पढाउन भनेर सहर झरे।'

'बुहारीहरुले के गर्छन् ?

'स्कुल पढ्नेलाई खाना पकाउने खुवाउने अनि बस्ने हो अरु के काम हुनु।'

'बाको उमेर कति भयो?'

'७५ वर्षका भए बुढा।'

'अनि तपाईं नि?'

'अझै एक वर्ष छ वृद्धभत्ता पाउन।'

अहिले गाउँ घरमा प्राय: यस्तै देखिन्छ। ८/९ मा पढ्ने विद्यार्थीले समेत १८ वर्ष भए पछि नागरिकता र पासपोर्ट बन्दछ, पासपोर्ट बनेपछि विदेश जाने हो, किन पढाइमा मेहनत गर्नु पर्यो भनेको सुनिन्छ। युवाहरु विगतदेखि बाबुबाजेले गर्दै आएको खेतीपाती तथा उत्पादन हुने काम छाडेर साउदी, कुवेत, कतार, मलेसिया पुगे ।

हुर्कदै गरेका युवाहरु पनि पैसा कमाउन र रमाइलो गर्न उतै जाने सोच बनाउँदैछन् । धेरै जाँगर हुने, श्रम गर्न सक्ने उमेरका युवायुवतीहरु सहर मा पुगेर टिकटक चलाएर, गफ गरेर दिन बिताइरहेका छन् । यसै कारणले परिवार बिखण्डन हुने मात्र होइन सामाजिक विकृति समेत भित्रिएका छन्। भन्न त विदेश गएका युवाले सोचाइ फराकिलो पार्छन्, सीप सिकेर आउँछन् अनि देशमा फर्केर उत्पादन हुने काममा लाग्छन् भनेको पनि सुनिन्छ। एकाद विदेशबाट फर्केका युवाले आफ्नो ठाउँमा गरेका उत्पादनमूलक राम्रा कार्यलाई उदाहरण समेत दिने गरिन्छ। विदेश गएका युवाले केही कमाएर त ल्याएका छन्, घरखर्च पनि चालाएका छन्, छोर छोरीलाई पढाउनु पर्दछ अन्यथा जीवन सञ्चालन गर्न कठिन हुन्छ भन्ने सोच विकास गरेका छन्।

उत्पादनको सीमित कार्यमा, चौकिदारमा तथा फ्याक्ट्रीको तोकिएको काममा यान्त्रवत काम गरेर उमेर ढल्केसँगै फर्केका युवाले गाउँघरमा उद्यम गर्न, सिर्जनात्मक कार्य गर्न, उत्पादनमुखी कार्यलाई रोजगार बनाउन, खेतबारीमा श्रम गरेर परम्परागत व्यवसायलाई परिस्कृत गर्न सक्लान् भन्ने कुरा विश्वास गर्न सकिने कुरा हैन। हरेक कुरा सहर बजार केन्द्रित भएर सोचिन्छ । विदेशी पुस्तक र अध्ययन प्रतिवेदनमा लेखिएका विकासका मोडलहरूलाई महत्व दिइन्छ । विदेशी विश्वविद्यालयमा उच्च शिक्षा लिन सफल व्यक्तिहरुको योजना बनाउने कार्यमा बाहुल्यता रहेको छ। हरेक गाउँ, डाँडापाखा र समथर भागको धरातलीय स्वरुप फरक छ। हरेक समुदायको आफ्नै विशेषता छन् ।

गर्दै आएका परम्परागत पेसाहरु फरक छन्। पेसा व्यवसाय, रोजगारी र आर्थिक उत्पादनको सम्भावना फरक-फरक छन्। नजिकैको उत्तर फर्केको पाखोमा सुन्तला राम्रो उत्पादन हुन्छ भने दक्षिण फर्केको पाखोमा अदुवा, गोलभेडा, भुईंकटहरजस्ता नगदेबाली राम्रो हुने सम्भवाना हुन्छ । केही उदाधरण हेरौं। तनहुँको शुक्लागण्डकी नगरपालिकाको ११ नम्वर वडा तथा साविकको राइपुरको वडा नम्बर -२ पाल्पालीछाप नाम्सीकोट गाउँमा झण्डै ६० परिवार बस्दछन्। त्यहाँको उत्तर फर्केको पाखोमा उत्पादन भएको सुन्तलाले गाउँलेहरुको जीवनमा ठूलो परिवर्तन ल्याएको छ। जमिन बाँझो राखेर रोजगारीको लागि सहर पसेकाहरु पुन: गाउँमा फर्केर सुन्तला खेतीमा लागेका छन्।

गाउँमा सबैभन्दा बढी सुन्तलाका बोट हुने परिवारको दुई हजार र कम हुनेको पनि एक/डेड सय बोट रहेका छन्। विगतमा तिनै बारीहरुमा कोदो, मकैजस्ता अन्नबाली मात्र हुन्थ्यो। ती बालीले आफैलाई खान ठिक्क हुने, कसैको छ महिना पनि खान नपुग्ने अवस्था थियो। बारी नहुनेको कमाइ हुने कुरै भएन। गाउँमा ज्यालादारी पाउन समेत मुस्किल थियो। सुन्तला किसान भिमबहादुर महतको भनाइअनुसार सुन्तला खेतीले सबैभन्दा बढी कमाउने परिवारले वार्षिक ६० लाख कमाएका छन् भने पाँच/सात लाख कमाउने पन्ध्र/बीस परिवार र दुई/चार लाख कमाउने झण्डै आधा-आधी घरधुरी रहेका छन् । जमिन हुने सबै गाउँले किसानहरु हुर्केका सुन्तलाका बोटबाट आम्दानी लिने मात्र होइन, नयाँ बिरुवा रोप्ने क्रममा पनि छन्। भिमबहादुरले रोपेका दुई हजार बोट मध्ये पाँच/सात सयले मात्र उत्पादन दिन सुरु गरेका छन् र अन्य बोटहरु हुर्कने क्रममा छन्। नयाँ बोटले फल दिन अझै दुई/तीन वर्ष लाग्छ। कलमी गरेर उत्पादन गरेका बोट लगाएकै वर्ष पनि फल्छन् तर फल धान्न नसक्ने र बोट बढ्न नपाउने हुनाले किसानले पहिलो/दोस्रो वर्ष बिरुवामा फल बढ्न दिँदैनन्। गाउँमा सुन्तलाका बिरुवाहरु हुर्कंदै छन्। लटरम्म फलेका सुन्तलाले गाउँ सुन्दर देखिन्छ।

सुन्तला खेतीले गर्दा गाउँमा जमिन नहुने तथा बिरुवा नरोपेकाले पनि गाउँमै काम पाएका छन्। तीन महिना नियमित काम हुन्छ। बोट, बिरुवामा मल हाल्ने, गोडमेल गर्ने, काँटछाँट गर्ने, फल टिप्ने कामहरु गर्न श्रमिक चाहिन्छ। श्रमिकले दिनको पाँच सयका दरले ज्याला पाउँछन्। आफ्नो जमिन नभएका परिवारको वयस्क व्यक्तिले तीस चालिस हजारसम्म कमाउन सक्दछ। यो रकमले पनि सामान्य नुनतेल, परिवारलाई एकसरो कपडा र बालबालिकालाई कपि-कलम किन्न पुग्छ। गाउँ, डाँडापाखामा काम गर्दै सिकेका, गाउँघरमा काम गर्न रमाउने केही विज्ञहरुको सहयोग, सामान्य तालिम, बिरुवा किन्न, सिँचाइ, आवश्यक सामन्य उपकरणमा दिइएको थोरै अनुदाले गर्दा किसानहरु सरकार सँग पनि खुसी देखिन्छन्। बजारमा स्वादिष्ट मानिने स्तरीय सुन्तला किसानले प्रति केजी पुस महिनामा ५० रुपैयाँ र फागुन लागेपछि ७० रुपायाँ प्राप्त गर्दछन् भने बजारमा उपभोक्ताले प्रति केजी एक सय २० देखि एक सय ५० सम्म तिर्नुपर्ने हुन्छ।

उत्पादक र उपभोक्ताको मूल्यमा हुने यति ठूलो भिन्नतालाई कम गर्न सरकारले आवश्यक सहयोग गर्ने हो भने बीचमा रहने व्यापारीले मेहनत नगरी पाउने सुन्तलाको मूल्य किसानलाई नै राहत हुने थियो। यस्तै तनहुँकै अर्को गाउँ निकै कम उत्पादन हुने कोदो, मकैजस्ता परम्परागत बालीले वर्षदिन हातमुख जोर्न र एकांग लगाउन मुस्किल पर्ने नामुद गाउँका किसानले परम्परागत रुपमा पालिँदै आएका बाखाको संख्या बढाउँदा र व्यवसायिक रुप दिँदा प्राप्त गरेको उपलब्धि पनि उदाहरणीय छ। मगर समुदाय मात्र रहेको यस गाउँका चित्रबहादुर थापाले विगतमा आठ/दश वटा मात्र बाखा पाल्ने गरेकोमा सुरुमा खोर बढाएर तीस चालिस पुर्याए। चरनको समस्या थिएन। प्रयाप्त पाखाहरु छँदै थिए। बजारको समस्या पनि भएन, गाउँमै बाखा खोज्ने मान्छे आउने, जिपमा पोखरा पुर्याउन सके उत्तिखेरै र सजिलै बाखा बिक्री हुने हुनाले आम्दानी राम्रो भयो। त्यो देखेर अन्य परिवारले पनि खोरको आकार बढाइ बाखाको संख्या बढाए। अहिले चित्र बहादुरले ५०/६० बाखा अटाउने खोरको अलवा दुई सय बाखा पाल्न मिल्ने नयाँ खोर बनाउँदै छन् भने अन्य गाउँलेले पनि बखा संख्या बढाउँदै छन्। बाखाले गर्दा अहिले बढी कमाउने परिवारले चार लाख कमाउँछन् भने कम कमाउनेले पनि डेड/दुई लाख त सजिलै कमाउन सक्दछन्। बाखा बिक्री गरेर दसैंको बेलामा गाउँमा राम्रो रकम साथै खुसी भित्रिन्छ। चित्रबहादुर र गाउँले मिलेर बोयर जातको बोका पनि ल्याए। उनका अनुसार बोयरबाट जन्मेका बोका-पाठाहरु निकै लाटा हुने, पटक-पटक पखला लाग्ने हुन्छ। स्थानीय जातलाई रोगले त्यस्तो समस्या छैन। गाउँलेहरुलाई हातमुख जोर्ने समस्या टरेको मात्र होइन लत्ता-कपडा, बालबालिकालाई स्कुल र क्याम्पस पढाउन समेत समस्या छैन।

साउदी, कुवेत, कतारमा न्यूनतम मासिक पारिश्रमिक १२०० रियाल हो। कम्पनीले सम्झौता गर्दा १२०० मा गरे पनि कति युवाले बाध्यताले अनौपचारिक सम्झौता गरेर मासिक १००० रियालमा पनि काम गरेका छन्। १२०० रियालको नेपाली रुपयाँ तीस, बत्तीस हजार हो। साउदी, कुवेत तथा कतार जानको लागि गरेको लगानी र त्यसको ब्याज त छँदै छ। यदि युवाहरुलाई गाउँमै बस्ने र परम्परागत व्यवसाय उद्यमलाई व्यवसायिक रुपमा अपनाउने वातावरण मिलाउने, उत्प्रेरित गर्ने र सीप सिकाउने हो भने अरबको खाडीमा पुगेर कमाउनेभन्दा धेरै कमाउन सक्ने मात्र होइन, उद्यमशीलता र आत्मविश्वास समेत विकास गर्न सम्भव हुन्छ।

हाम्रो विद्यालय तहको मात्र होइन, विश्वविद्यालयको शिक्षाले श्रम गर्न र आफ्ना गाउँ-ठाउँमा भएका सम्भावनाको खोजी गर्ने कार्य सिकाउन सकेको छैन। बरु परम्परागत उत्पादनमुखी पेसा, रोजगारी तथा कामबाट बाहिर निकालिदिएको छ। विद्यालय तहको शिक्षाले आफ्ना ठाउँका परम्परागत पेसा-व्यवसाय, सीप सिकाउँदैन। परम्परागत पेसा व्यवसायमा भएका सकारात्मक पक्ष के हुन ? त्यलाई कसरी थप उत्पादनमुखी र व्यवसायिक बनाउन सकिन्छ ? हाम्रो समुदाय कस्तो अवस्थामा छ ? के गर्दा वास्तविक सशक्तिकरण हुन्छ ? खोजी, अध्ययन अनुसन्धान हुँदैन। खोजिन्छ केवल विदेशीले लेखिदिएका पुस्तकमा के छ ? उनीहरुको अध्ययनले के भन्छ ? विदेशीले के गरे ? विदेशमा के गरिन्छ आदि। रटाइन्छ जीवनभर दैनिक व्यवहार, व्यवसायमा प्रायेग नहुने, उत्पादनमा सहयोग नगर्ने सूत्र र समिकरणहरु। साक्षरताका सीप बाहेक विद्यालयमा पढेका कुरा व्यवहारमा लागु हुँदैन। बरु विद्यार्थीले सहर बजारमा सुकिलो-मुकिलो लागाएको, चिया पसलमा गफ गरेको र रेस्टुराहरुमा रमाइलो गरेको देख्दछ। आफूई कमजोर ठान्दछ ।

विद्यालय शिक्षाले बालबालिकामा बाबुआमाबाट प्राप्त गरेका पेसागत सीपलाई बिर्साउँछ, बाबुआमाको पेसाप्रति हिनताबोध गराउँछ। अनि सजिलै पैसा कमाउन विदेशमा सकिन्छ होला भनेर ठानेर साउदी, कुवेत र मलेसिया हानिन्छ। विदेशमा श्रम गर्न जाने युवाहरुलाई पनि ती देशहरुमा के सीप बेच्न सक्दछन ? कस्तो काम पाउन सके कम जोखिमपूर्ण हुन्छ ? के-कस्ता कामबाट पारिश्रमिक बढी पाइन्छ ? विदेश जाँदा के-के कुरामा सचेत हुनु पर्दछ भनेर पनि सिक्ने मौका पाउँदैनन्। अनि कसरी हुन्छ विकास? साँच्चै विकास गर्ने हो भने गाउँ-ठाउँ, पाखापखेराहरुमा उत्पादनका सम्भावना खोजिनु पर्दछ, समाजको अवस्थाको अध्ययन अनुसन्धान गरिनु पर्दछ।परम्परागत पेसाका सवल पक्षहरुलाई थप मजबुत पार्न, व्यवसायिक रुप दिन र कमजोर पक्ष हटाउन प्रयत्न गरिनु पर्दछ। विकास गफले होइन, साना-साना कामबाट थालनी गरिनु पर्दछ ।

*साभार: सेतोपाटी*

फिचर मनोरञ्जन

# लाहुरे हुन छाडेर 'लाहुरेनी' फिल्म

बेलायती सेनामा जागिर हुन अन्तिम परीक्षा दिएर फर्किंदै गर्दा उनले पहिलोपल्ट पितृलाई सम्झिए । बालापनदेखिकै उत्कट सपना थियो 'ब्रिटिसे लाउरे' बन्ने । त्यसका लागि ठूलै संघर्ष गरे पनि । त्यसदिन सपनाको ढोका सम्मुख थियो । तर, उनले त्यो ढोका उघारेनन् । बरु, कहिल्यै नपुकारेको पितृ पुकारे, 'यसपल्ट मलाई फेल गराइदेऊ, बरु अर्को पल्ट म जसरी पनि भर्ती हुन्छु ।'

उनले भनेजस्तै भयो । बेलायती सेनामा छनोट भएका ८८ जनाभित्र उनी पर्न सकेनन् । त्यसरी बचपनदेखिको 'लाहुरे सपना'लाई पनि विस्थापन गर्ने गरी उनीभित्र नयाँ सपनाको जन्म भएको थियो, फिल्म । केही समयअगाडि भएको काठमाडौं इन्टरनेसनल फिल्म फेस्टिभल (किम्फ)मा रोल्पाका विशाल रोका मगरको गोर्खा गर्ल (लाहुरेनी) नामक डकुमेन्ट्री प्रदर्शन भयो । उनले उक्त डकुमेन्ट्रीमा बेलायती सेना हुन एक युवतीले गरेको संघर्ष र हुन नपाएको पीडालाई देखाएका छन् ।

'बेलायती सेनाले महिला पनि लिने भनेको थियो । त्यही आशामा धेरै महिला तालिम लिन पनि आए । तर, पछि लिएन । त्यहाँ संघर्षमात्रै थिएन धेरै कुरा जोडिएकाले त्यसैमा बनाउनुपर्छ भन्ने सोचें,' विशाल भन्छन्, 'फेरि आफैंले राम्रोसँग दैनिक नियालेको विषय हुनाले न्याय गर्न सक्छु भन्ने पनि भयो ।' किम्फमा 'लाहुरेनी'ले कुनै पुरस्कार त जितेन । तर, विश्वभरका डकुमेन्ट्री प्रदर्शन हुने 'प्लेटफर्म'मा पुग्नुलाई नै विशालले सफलता मानेका छन् । 'अरुहरु सँग हारें । तर, सगौरव' विशाल भन्छन् ।

लाहुरेनी अहिले पोखरामा हुन लागेको 'पामे फिल्म फेस्टिभल'मा पनि प्रदर्शनका लागि छनोट भएको छ । फेस्टिभल सोमबारदेखि पुस १६ गतेसम्म पोखरा लेकसाइडमा चल्नेछ । ५० को दशकको सुरुआती समयमा दाङ झर्दा विशालले दुई चिज नौलो देखे, एउटा बस र अर्को फिल्म हल । अहिलेजस्तो घरघरमा टिभी हुन्थेनन् । मनोरञ्जनका लागि फिल्म हल नै अन्तिम विकल्प थियो, त्यो समय ।

अरुको पछिपछि लागेर फिल्म हल पुग्दा उनी तीनछक परेका थिए । 'सेतो भित्तामा मान्छे आउँथे, मारपीट गर्थे । कहाँबाट आए भन्ने लाग्थ्यो,' विशाल बाल्यस्मृतिमा फर्किन्छन्, 'पहिलो पटक फिल्म हेर्दा सुरुमै झगडा भएपछि फिल्म नसकिउञ्जेल बाहिर आएर रोएको थिएँ ।' पछिपछि दाङका सबै फिल्म चहार्ने भए विशाल । त्यतिकैमा उनमा फिल्मप्रतिको उच्च लगाव बस्यो । फिल्मप्रतिको यति लगाव थियो कि उनी फिल्महलमा घुसेर चोरी नै गरे । रिल काटेर चोर्ने काम गर्न थाले । उनकै कारण फिल्म प्रदर्शनका बेला आधाआधामात्रै आउन थाल्यो ।

'हलबाहिरको रिल बटुल्दाबटुल्दै नयाँ फिल्मका रिलहरु पनि चोरें त्यसरी रिल चोरेर म आफैं फेरि त्यही फिल्म हेर्न पुग्थें । तर, किन दृश्य काटिन्थ्यो ? भेउ पाउँदिनथें,' सम्झन्छन्, 'पछि पो थाहा भो, नेगेटिभ नै गायब भएपछि दर्शकले कसरी पूरा फिल्म हेर्नु ?'

कमाउन खाडी मुलुक गएका विशालका बुवा लाहुरे जागिर छाडेर स्वेदश फर्किंदा 'शून्य' फर्किएका थिए । तर, एउटा कम्प्युटर ल्याएका थिए । त्यही कम्प्युटर नै विशालको सपना देखाउने साधन बन्यो । 'त्यसमा मैले ससाना भिडियोहरु जोड्न, काट्न सिकें,' उनी भन्छन् । एसएलसी दिइसकेपछि विशाल लाहुरे तयारीमा लागे । तर, सिनेमा बनाउने भूतले पछ्याउन छाडेको थिएन । उनीभित्रको फिल्म बनाउने चाहना देखेरै मगर साँस्कृतिक संघले उनलाई एउटा मगर फिल्म बनाउने अवसर पनि दिएको थियो ।

कक्षा १२ को अन्तिम तयारीसँगै उनले 'जेदो' नामको फिल्म बनाए । तर, समय जुध्यो, यता गोर्खा सेनाको फाइनल र उता



फिल्म देखाउने समय । फिल्म रोज्ने कि लाहुर जाने दुविधामा परे । 'दुवै सँगसँगै भएपछि साह्रै तनावमा गएँ, त्यहीबेला मलाई लाहुरे भन्दा फिल्मले नै खुसी दिने रहेछ भन्ने बोध भो,' विशाल सम्झन्छन्, 'फिल्म देखाउन छुटाएँ भने अहिलेसम्मको मिहिनेत खेर जान्छ भन्ने लागेर त्यहीबेला हो मैले भर्ती नहूम् भनेर पुकारेको ।'

प्लस टु सकिएसँगै स्नातक तहमा उनी फिल्म विधा नै पढ्न चाहन्थे । संयोगवश त्यही समयमा ओस्कार फिल्म एकेडेमी पनि भर्खर खुलेको थियो । तर, उनले चाहेर पनि पढ्न पाएनन् । 'बाले विदेशमा कमाएका पैसा पनि भर्ती देखाउँदा देखाउँदै सकिइक्यो । परिवारले चाहेर पनि मलाई पढाउन सकेनन्,' उनी भन्छन् । तर, उनले आफूले पढ्न नपाए पनि साथीमार्फत रहर पूरा गरे । साथी बसन्त घर्तीमगरलाई सिने विधा नै पढ्न सुझाए । घर्ती भारतमा ३ वर्षे कोर्ष पूरा गरेर आएपछि नयाँ टिम बन्यो, 'फ्रेम सिने मेकर्स ।' सोही ब्यानरबाटै पहिलो सर्ट फिल्म बन्यो, छल ।

उक्त सर्ट फिल्मले सोचेभन्दा राम्रो प्रतिक्रियामात्रै पाएन, युट्युबमा पनि हिट बन्यो । जबही त्यतिबेलासम्म नेपालमा अहिलेजस्तो युट्युब चर्चामा आइसकेको थिएन । 'क्यामेरा चलाउन सिकेको बेला कस्तो हुँदो रहेछ भनेर गरेका थियौं । तर, राम्रो प्रतिक्रिया आएपछि विश्वास झन् बढेर गयो,' उनी सम्झन्छन् । तर, सानो ठाउँमा टिकेर काम गर्न सम्भव भएन । छल टिम तितर बितर बन्यो । फेरि एक्लिए विशाल । फिल्ममा रुची र ज्ञान भएका नयाँ साथीको खोजीमा निस्किए, केही मन मिल्ने साथीहरु भेटिएपछि खोले, ब्ल्याक सुल्पा प्रोडक्सन ।

'सुरुमा मलाई एउटा क्यामेरा, एउटा ल्यापटप र बाइक भयो भने जस्तो पनि फिल्म बनाउन सक्छु भन्ने लागेको थियो । तर, होइन रहेछ । फिल्म बनेन,' विशाल भन्छन्, 'फिल्म लहडले मात्रै नहुने रहेछ । एउटा सिंगो टिम चाहिने रहेछ ।' प्रोडक्सनले काका, छल, छल बाटो, पाउजु, ड्रिम्स, द बाइकर्स लगायत छोटो चलचित्र बनाइसकेको छ । ब्ल्याक सुल्पा प्रोडक्सनबाटै कबड्डी कबड्डी प्यारोडी भिडियो प्रतियोगितामा भाग पनि लिएका थिए ।

देशविदेशका प्रतियोगीसँग सीमित स्रोत साधनले बनाएको प्यारोडी भिड्नु नै उनीहरुका लागि ठूलो थियो । तर, विशालको टिमले बनाएको कबड्डी कबड्डी प्यारोडी नै उत्कृष्ट ठहरियो । पहिलोपल्ट चलचित्रकर्मी बनेर उनको टिम काठमाडौं जाने अवसर मिल्यो । यसबीचमा विशालले बेलायतका चलचित्रकर्मी मुरे केर, चाइना फिल्म इन्ष्टिच्युटका डब सेमिन्सलगायतसँग फिल्म निर्माणसम्बन्धी प्रशिक्षणमा भाग लिने मौका पनि पाए । यसले आफूलाई फिल्मलाई फिल्म जसरी नै हेर्न सिकाएको सुनाउँछन् ।

'हामीले फिल्मलाई फिल्म जसरी हेर्नै जानेनौ । दर्शककै रुपमा पनि हाम्रो बानी बिग्रिसकेको छ । सुरुमा नुमाफुङ, बलिदान फिल्म हेर्दा यस्ता फिल्म के बनाएका होलान् जस्तो लाग्थ्यो,' भन्छन्, 'तर, अहिले सम्झिँदा खासमा ती फिल्म नेपाली सिने क्षेत्रका नयाँ आधार थिए ।' नेपाली सिने जगतमा नवीनता खोज्ने तर, फरक शैलीका फिल्म नस्वीकार्ने प्रवृत्ति व्याप्त रहेको उनको विश्लेषण छ । अब उनलाई नेपाली समाजभित्रकै मिथक र इतिहासलाई झल्काउने गरी फिल्म बनाउन चाहिरहेका छन् । त्यसैअनुरुप थुप्रै डकुमेन्ट्रीमा पनि काम गरिरहेका छन् ।

'हाम्रो वरपरको लोक कथा, इतिहास, मिथलाई फिल्ममा देखाउन मन छ,' पामे फिल्म फेस्टिभलमा सहभागी हुन पोखरा आएका विशालले भने, 'आफूबाहेक अरु कसैको पीडामा रोइन्छ वा आफ्नो खुसीबाहेक अरुको खुसीमा हाँस्न सकिन्छ भने त्यसको शक्ति सिनेमामा मात्रै हुन्छ ।' ***अनलाइनखबरबाट***

# अस्पतालको मुख्य आम्दानी बन्दै बीमा




चितवन, (रासस/ भरतपुर अस्पतालको मुख्य आम्दानी स्वास्थ्य बीमा कार्यक्रम बन्दै गएको छ । चार वर्षअघि यस अस्पतालमा बीमा कार्यक्रम सुरु भएको थियो । हालसम्म बीमा कार्यक्रमबाट अस्पतालले रु ७२ करोड ६७ लाख आम्दानी गरिसकेको छ ।

थप चार करोड भुक्तानी लिने प्रक्रियामा रहेको छ । बीमा कार्यक्रम लागू भएपछि चार लाख पटक बीमा दाबी भएको तथ्याङ्क र हेको छ । अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम छुट्टै विभागमार्फत हेरिँदै आएको छ ।

बीमा कार्यक्रमको दाबी भुक्तानी हेर्दै आएका लीलाधर पौडेलका अनुसार विसं २०७४ साल भदौ १ गतेबाट यहाँ स्वास्थ्यबीमा कार्यक्रम लागू भएको हो । सुरुमा सामाजिक सुरक्षा कार्यक्रमका रुपमा अघि बढेको यो कार्यक्रम अहिले स्वास्थ्य बीमा बोर्डले हेर्दै आएको छ ।

उनका अनुसार भरतपुर अस्पताल धेरै स्वास्थ्य बीमामार्फत बिरामीको उपचार गर्ने देशकै तेस्रो अस्पताल हो । नोबल र लुम्बिनी मेडिकल कलेजपछि भरतपुर अस्पतालले धेरै बीमाका बिरामी उपचार गर्दै आएको छ । पौडेलका अनुसार पहिलो वर्ष तीन करोड दुई लाख ३२ हजार आम्दानी बीमाबाट भएको थियो ।

आर्थिक वर्ष २०७५/७६ मा १६ करोड ६७ लाख ७३ हजार, २०७६/७७ मा २० करोड ९३ लाख ५७ हजार आम्दानी गरेकोमा कोभिडका कारण गत आर्थिक वर्षमा १२ करोड ७१ लाख ६८ हजार मात्र आम्दानी भएको थियो । चालू आर्थिक वर्षमा २५ करोड भन्दा बढी आम्दानी हुने अनुमान गरिएको पौडेलको अनुमान रहेको छ । गत महिना अस्पतालले तीन करोड ९१ लाख स्वास्थ्य बीमा बोर्डसँग दाबी गरेको पौडेलको भनाइ छ ।

यस हप्ताको आइतबार भरतपुर अस्पतालमा आएका कूल बहिरङ्ग बिरामीमध्ये ७३४ जना बीमाका रहेका थिए । सोमबार यो संख्या ६२० रहेको थियो । सोमबार बीमा बाहेकका बहिरङ्गको टिकट काट्नेको संख्या ३२७ मात्र थियो । अन्य बिरामी भन्दा झण्डै दोब्बर बीमाका हुने गरेका छन् । पछिल्लो समय अस्पतालले बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै बोर्डमा दाबी र भुक्तानीमा पनि ताकेता गरिएको छ ।

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट प्रा डा कृष्णप्रसाद पौडेलले बीमा बोर्डबाट सेप्टेम्बरमा चार करोड ५२ लाख, अक्टोबरमा एक करोड १० लाख, नोभेम्बरमा १२ लाख ५३ हजार र डिसेम्बरमा आठ करोड ६६ लाख भुक्तानी भएको जानकारी दिए । बीमाका बिरामीलाई अन्यत्र जानु नपर्ने गरी अस्पतालले सेवा सुविधा विस्तार गर्दै लगेको उनको भनाइ छ ।

बिहान ८:३० बजेबाटै बहिरङ्ग सेवा सुरु गरिएको, दिउँसो ५ बजेसम्म शल्यक्रिया सेवा सञ्चालन गरिएको पौडेलले बताए । उनले भने 'जनशक्ति र स्थानका अभावमा सोचे जति गर्न नसके पनि बीमाका बिरामीलाई अधिकतम सुविधा दिने काममा हामी लागि रहेका छौ ।' पहिले-पहिले बहिरङ्ग सेवा भीड हुँदा र शल्यक्रियाका लागि लामो समय पालो कुर्नु पर्दा बिरामी बाहिर लिएर अन्य बीमा कार्यक्रम लागू भएका अस्पतालमा जान बाध्य थिए । बीमा कार्यक्रम प्रभावकारी हुँदै गर्दा अस्पतालको आम्दानीको मुख्य स्रोत बन्दै गएको छ ।

अस्पतालले वार्षिक रु ५० करोड हाराहारी आम्दानी गर्दैगर्दा बीमाको हिस्सा झण्डै आधा हुने गरेको अस्पतालले जनाएको छ । चितवन र पूर्वी नवलपरासीका बिरामी बीमा कार्यक्रमका लागि भरतपुर अस्पताल आउने गर्दछन् । यो अस्पताल केन्द्रीय अस्पताल हो । यहाँ चितवनसहित २० भन्दा बढी जिल्लाबाट बिरामी आउने गर्दछन् । स्वास्थ्य बीमा कार्यक्रममार्फत लिइने सेवामा सबैभन्दा बढी बहिरङ्ग सेवा हुने गर्दछ । बीमाबाट बिरामीले लिने सुविधामध्येमा सबैभन्दा बढी पेटको औषधि लिइएको बोर्डले जनाएको छ । नेपालमा सामाजिक सुरक्षा कार्यक्रम विसं २०७२ बाट सुरु भएको हो ।

# नेप्सेमा झिनो अंकको गिरावट

काठमाडौं (रासस)/ धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २.६६ अंकले ओरालो लागेर दुई हजार ५१८.९९ अंकमा ओर्लिएको छ । यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ०.९१ अंकले ओरालो लागेर ४७०.९८ मा झरेको छ ।

नेप्सेको ओरालो यात्रासँगै कारोबार रकम पनि घटेको छ । कुल २३० कम्पनीको ५८ लाख २८ हजार ७८३ कित्ता शेयर रु तीन अर्ब १२ करोड ५५ लाख ७५ हजार ६३२ मूल्यमा कारोबार भयो ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये सात उपसमूहको शेयर मूल्यमा गिरावट आयो भने छ उपसमूहको भने उकालो लाग्यो । बैंकिङ ८.७४, होटल तथा पर्यटन १०.४१, निर्जीवन बीमा ३५.२२, लघुवित्त २६.२८, जीवन बीमा ३९.२५, सामूहिक लगानी कोष ०.०७ र लगानी ०.३७ अंकले घटे । यस्तै, व्यापार १६.६९, विकास बैंक ४.८३, जलविद्युत् २४.७८, वित्त १४.७८, उत्पादन १३७.९५ र अन्य ३.२४ अंकले उकालो लाग्यो ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको २६ करोड ३९ लाख ४३ हजार ५२७ बराबरको कारोबार भयो ।

यस्तै, नबिल बैंक २५ करोड ३७ लाख ३७ हजार ७२४, नेपाल पुनरबीमा कम्पनी १२ करोड ८४ लाख ९१ हजार ९३९, मञ्जुश्री फाइनान्स १२ करोड ४५ लाख ६२ हजार ५७० र नेपाल लाइफ इन्स्योरेन्स नौ करोड ९० लाख ५९ हजार ८३ बराबरको कारोबार भई शीर्ष स्थानमा रहे ।

नेप्सेका अनुसार मध्यभोटेकोशी जलविद्युत् कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो ।

# प्रचण्डले ट्याक्टरको स्टेरिङ समाएपछि...

***रासस***

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल, प्रचण्ड एउटा गाउँमा ट्याक्टरको स्टेरिङ घुमाउँदै छन् । हो, कम्युनिष्ट नेताहरुको श्रमजीवी वर्गको प्रतिनिधिपात्र सरह देखिन्छ यो सिर्जना । त्यसैले स्वयं नेता प्रचण्डले पनि नकार्न सक्नुभएन, सिर्जनालाई राम्रो भन्नुभयो र एकैछिन भावुक बन्दै हरे ।

पार्टीको आठौं राष्ट्रिय महाधिवेशनस्थल प्रज्ञा भवनको एउटा कुनामा क्यान्भासमा सजिएको उक्त सिर्जनाले उनलाई मात्र होइन, त्यहाँ उपस्थित सबै कम्युनिष्ट नेतालाई एकपटक टक्क अढ्यायो । उनीहरुले पनि यो झलक प्रचण्डकै आँखाबाट हेरे र भने- क्रान्ति उद्योग तथा कृषिबाटै थाल्ने हो, त्यसैले यो कृतिले कम्युनिष्ट चरित्रको मुखाकृति भरिदिएको छ । यो सिर्जना मात्र नभएर सत्य हो, हामी नेपालीको वास्तविक धरातल यही हो ।

कलाकार केशवराज खनालले प्रचण्डलाई ड्राइभर बनाएर औद्योगिक क्रान्तिको विम्बात्मक कला सिर्जना गरेका छन् । त्यही भवनमा हिजोदेखि समाजवादी क्रान्तिको बहस चलिरहेको छ, अनि यता कलाकार खनालले त्यस बहसका केन्द्रबिन्दु प्रचण्डका हातमा स्टेरिङ थमाइदिएका छन् । त्यो पनि ट्याक्टरको । यसको संकेत यो पनि हो कि उनले घुमाउने ट्याक्टरको स्टेरिङले यो हलको समाजवादी बहससँगै क्रान्तिको पनि नायकत्व प्रदान गर्न सकोस् । चालक प्रचण्डको सिर्जना मात्रै होइन समाजवादी दृष्टिकोणका सिर्जनाले यहाँको हल भरिएको छ । भित्र समाजवादी क्रान्तिको विचार मन्थन भइरहेको सन्दर्भ पारेर त्यसकै एउटा कुनामा क्रान्तिकारी कलाकारले समाजवादी क्रान्तिको सन्देश छरेका छन् । चित्र हेरेर उपस्थित



नेता तथा कार्यकर्तालाई एकपटक झस्काइदिएका छन् कलाकारले । चित्रले सबैलाई एकपटक वर्गीय धरातलतर्फ फर्काइदिएको छ ।

मंगलबार चित्र प्रदर्शनीको अवलोकन गर्न पुगेका अध्यक्ष प्रचण्ड पनि त्यो देखेर दंग परे । आफैं ट्याक्टर ड्राइभर बनेको सिर्जनामा टक्क अडिएर अध्यक्ष प्रचण्डले भने, 'राम्रो छ, राम्रो गर्नु भएछ, लक्ष्य समात्ने कलाकृति आएको छ ।' उनीसँगै वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, प्रवक्ता कृष्णबहादुर महरा, नेतृ पम्फा भुसाललगायत नेता कार्यकर्ताले चाख पूर्वसिर्जना अवलोकन गरे । कलाकारले कुनै राजनीतिक पार्टीको महाधिवेशनमा चित्र सिर्जनामार्फत नौलो अभ्यासको थालनी गरी नेतालाई घचघच्याउने प्रयासको सहभागीले सराहना गरेका छन् ।

प्रचण्डलाई चालक बनाइदिने चित्रकार खनाल भन्छन्, 'मुलुकमा समाजवादी क्रान्ति आवश्यक छ, क्रान्ति त्यतिकै सफल हुँदैन त्यसको आधार भनेको औद्योगिक क्रान्ति हो भनेर समाजवादी दृष्टिकोण पस्किएको हुँ ।' खनालले कृषि क्रान्ति र औद्योगिक क्रान्तिको विषय आफूले चित्रमार्फत उठाएको जानकारी दिए । हिमाल, पहाड, तराईमा क्रान्ति आवश्यक छ, विगतमा जनयुद्धको नेतृत्व गर्नुभएका अध्यक्ष दाहालले अब कृषि क्रान्तिको नेतृत्व पनि लिनुपर्छ भनेर चित्र सिर्जना गरेको खनालको भनाइ छ । मुलुकमा जति मानिस छन् श्रमसँग जोडिनुपर्छ, उनीहरुले उचित मूल्य पाउनुपर्छ भनेर प्रचण्डलाई सांकेतिक रुपमा गाडी हाक्न लगाइएको हो । कृषि क्रान्तिको सवालमा अध्यक्ष दाहालको राजनीतिक दस्तावेज मै आइसकेको छ ।

उनले श्रमसँग जोड्ने कुरा राम्रो विषय उठान भएको प्रतिक्रिया दिए । 'एक्सन कमरेड अध्यक्षबाटै हुनुपर्छ', चित्र अवलोकनका क्रममा खनालले र खेको भनाइमा अध्यक्ष दाहालले भने, 'अ' एकदम ।' अर्का ८० वर्षीय अग्रज कलाकार जुलुमलाल चित्रकारले मुलुकको गरिबीको गम्भीर समस्या रङको माध्यमबाट देखाएका छन् । सुत्केरी उतार्ने समस्या छ, धान र खने घ्याम्पो खाली छ, बच्चाहरु भोकै छन्, मानिस मागेर गुजारा चलाउन विवस छन् । यस्तैयस्तै विषय जोडिएका चित्र चसक्क पार्ने खालको छ । 'यसले हेर्ने वित्तिकै थाहा हुन्छ, मुलुकमा गम्भीर सामाजिक समस्या छ', उनले थपे, 'कलामार्फत हामीले नेपाली समाजको रुपान्तरणको विषय उठान गर्न खोजेका छौं ।' सिर्जनामार्फत चित्रकारले मुलुकमा आमूल परिवर्तनको खाँचो औंल्याइदिएका छन् । 'व्यवस्था परिवर्तन त भयो तर अवस्था उस्तै छ', कलाकारका सिर्जनाले त्यही बोलिरहेको छ ।

कलाकार खेम विकेले कम्युनिष्टहरुले मुठ्ठी बाटेर गरिने लाल सलामको अर्थ प्रष्ट्याउने जमर्को गरेका छन् । उनको चित्रमा मुठ्ठीको औचित्य के, भनेर कम्युनिष्ट जगघट भएको प्रज्ञा भवनमा गम्भीर प्रश्न छाडेका छन् । 'त्यो मुठ्ठीले सामान्तवादको जिब्रो समाउन सकोस् भन्ने सन्देश हो', उनले चित्रको उद्देश्यबारे भने । चित्रकला प्रदर्शनीमा समाजवादको यात्रालाई सुन्दर ढंगले प्रस्तुत गरिएको छ । वित्तीय पुँजीवाद, औद्योगिक क्रान्ति, समानता र समृद्धिका चित्र प्रस्तु गरिएको छ । थाङ्का शैलीबाट जनवादी कलालाई कलाकार कमानसिंह लामाले चित्रमार्फ अभिव्यक्त गरेका छन् । कलाकार तथा कला समीक्षक देवेन्द्र थुम्केलीको सिर्जनामा हिजोको दैनिक जीवन कसरी चलिरहेको छ भनी आरन चलाउने मजदुरको कथा उनिएको छ । थुम्केलीले वित्तीय पुँजीवादको विषयलाई सिर्जनामार्फत दृष्किोण प्रस्तुत गरेको बताए । पुँजीपतिको हातमा स्रोत र साधान पुगेको कुरा चित्रमा देखाइएको छ । चिलले साना चरा खाए जस्तो गरेर बहुराष्ट्रिय कम्पनीको हातमा उत्पादन गएको कुरालाई जोड दिन खोजिएको बताउनुहुने थुम्केलीका यहाँ समाजवादी यात्राका ६ वटा चित्र प्रदर्शनीमा छ ।

यही ११ गतेबाट सुरु प्रदर्शनीमा आन्दोलन, गणतन्त्र, जनजीविका, श्रम, मजदुर, वित्तीय पुँजीवाद र त्यसको असर, कृषि तथा औद्योगिक क्रान्ति, सामाजिक न्याय र विभेदरहित समाजको परिकल्पना गरिएका कलाकृति छन् । कलाकारले देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिले नेपालको सार्वभौमसत्तामाथि लगाएको गिद्धेदृष्टिलाई कलात्मक रुपमा उधिनेका छन् । प्रदर्शनीमा अग्रज कलाकार लालमान लामा, एससी सुमन, देवेन्द्र थुम्केली, केशव राज खनाल, पाल्साङ्मो लामा, कमानसिंह लामा, प्रदीप अधिकारी, रविन्द्र श्रेष्ठ, राजकुमार रानामगर, राजकुमार खड्का, लिलाधर केसी, अमर परियार, अमिर शाक्य, खेम विके, झिग्मे लामा, शिव शेर्पाली, निरीमाया लामा, रञ्जु पुलामी मगर, पूर्णिमा पौडेललगायतका कलाकारका तीन दर्जन बढी कलाकृति समावेश छ ।

अखिल नेपाल ललितकला सैको संयोजनमा भएको प्रदर्शनीमा समाजवादोन्मुख नेपाली समाजको परिकल्पना गरिएको चित्रहरु समावेश छ । सैका केन्द्रीय अध्यक्ष पाल्साङ्मो लामाले पार्टीको महाधिवेशनको सन्दर्भमा गरिएको कला प्रदर्शनीले नेपाली समाजको बहुआयामिकतालाई कलात्मक रुपमा उतारेको बताए । माओवादी आन्दोलनको विशिष्ट भूमिका झलक कलाकृतिमा देखिएको छ । यो सम्भवत: नेपालमा समाजवादको विषय लिएर गरिएको यो पहिलो कला प्रदर्शनी हो । प्रदर्शनीले देशलाई समृद्धि दिशातर्फ लैजान राजनीतिक नेतृत्वले विशिष्ट भूमिका खेल्नुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।

# मंगलबार घट्यो सुनको मूल्य

काठमाडौं (रासस)/ सुनचाँदी बजारमा मंगलबा छापावाल सुनको मूल्य प्रतितोला २०० ले घटेर ९३ हजार तोकिएको छ । पहेँलो धातु अघिल्लो दिन प्रतितोला ९३ हजार २०० मा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासैले सार्वजनिक गरेको विवरणानुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला ९२ हजार ५०० कायम भएको छ जसको मूल्य सोमबार प्रतितोला ९२ हजार ७०० तोकिएको थियो ।

त्यस्तै मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला १० ले बढेर एक हजार २६० पुगेको महासैले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पत्रकारलाई पहिलो पटक सुत्केरी भत्ता



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा पहिलो पटक सुत्केरी भएकी पत्रकारलाई प्रेस सेन्टरले सुत्केरी भत्ता उपलब्ध गराएको छ ।

सुत्केरी पत्रकारलाई भत्ता दिने कार्यक्रमअन्तर्गत् नेकपा माओवादी निकट संगठन प्रेस सेन्टर मकवानपुरले पत्रकार सुनिता विष्टलाई पाँच हजार रुपैयाँ दिएको हो ।

१० पुसमा बसेको सेन्टरको बैठकले महिला पत्रकारलाई सुत्केरी भत्ता उपलब्ध गराउने निर्णय गरेको थियो । प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापाले देशमै पहिलो पटक पत्रकारलाई सुत्केरी भत्ता उपलब्ध गराएको दावी गरेकी छन् । विष्ट विगत दुई वर्षदेखि मकवानपुरलाई कर्मथलो बनाएर पत्रकारिता गरिरहेकी छन् ।

उनले दोस्रो सन्तानका रुपमा छोरीलाई २७ दिनअघि जन्म दिएकी हुन् । हेटौंडा-११ नवलपुर स्थित विष्टको घरमै पुगेर मंगलबार सेन्टरकी अध्यक्ष थापाले नगद पाँच हजार हस्तान्तरण गरेकी थिइन् । पत्रकारितामा क्रियाशील महिलाहरुलाई सुत्केरी अवस्थामा प्रोत्साहन स्वरुप भत्ता उपलब्ध गराएको थापाले बताइन् । 'हालसम्म नेपालमै महिला पत्रकारलाई प्रोत्साहनका रुपमा कुनै कार्यक्रमहरु नगरिएकाले सेन्टरको मकवानपुर शाखाबाटै यस कार्यक्रमको शुभारम्भ गरिएको हो ।,' थापाले भनिन् ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका महासचिव कृष्ण सारु मगरले सुत्केरी भत्ताले पत्रकारीतामा क्रियाशील रहन महिलाहरुलाई प्रेरणा मिल्ने बताए । यसैगरी नेपाल पत्रकार महासंघ मकवानपुरको टोलीले पनि विष्टलाई भेट गरेको थियो ।

महासंघका अध्यक्ष मणिराज गौतमले पत्रकार विष्टलाई पोषिलो खाने कुरा प्रदान गरेका थिए । सञ्चारिका समूहले पनि पोषिलो खानेकुरा दिएको छ ।

कार्यक्रममा पत्रकार महासंघकी उपाध्यक्ष सरला अधिकारी, सहसचिव एमपी शर्मा लगायत उपस्थित थिए ।




खुल्यो ! खुल्यो !!
नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै
लोकल कुखुरालगायत मासुको आइटमको मीठो स्वाद
अब होटल म्याक्समा
होटल MAX
हेटौंडा-३, बसामाडी, मो.नं. ९८४५०२५७२७



HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


# प्याब्सन मकवानपुरको नेतृत्वमा सुवेदी चयन



साझाकुरा संवाददाता

हेटौंडा/नीजि तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) मकवानपुरको अध्यक्षमा बिनोद सुवेदी सर्वसम्मत चयन भएका छन् ।

सोमबार सम्पन्न १७ वार्षिक साधारणसभा र ८ औं जिल्ला अधिवेशनले सुवेदीको नेतृत्वमा कार्यसमिति चयन गरेको हो । यसअघि सुवेदी कार्यबाहक अध्यक्ष थिए ।

अधिवेशनले वरिष्ठ उपाध्यक्षमा राजकुमार नहर्की, उपाध्यक्षमा लक्ष्मी श्रेष्ठ, सचिवमा नविन केसी, कोषाध्यक्षमा विष्णुहरि सुवेदी, सहसचिवमा उपेन्द्र सुवेदी, सह कोषाध्यक्षमा रामबाबु सापकोटा सर्वसम्मत चयन भएका छन् ।

प्याब्सनको खुल्ला सदस्यहरुमा रमिता पाण्डे, केशवप्रसाद मुडभरी, भरत सापकोटा र गीता आचार्य चयन भएका छन् । पालिका सदस्यमा गोविन्द प्रसाद चौलागाई, ओमकुमार आले चयन भएको प्याब्सन मकवानपुरका पूर्व अध्यक्ष मदन दाहालले जानकारी दिए ।

# दिव्यताराद्वारा सहमहामन्त्री र राज्यमन्त्रीलाई स्वागत



साझाकुरा संवाददाता

हेटौंडा/देशभरमै चर्चित हेटौंडा-२ स्थित दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्थाले नेपाली कांग्रेसको केन्द्रीय सहमहामन्त्रीमा निर्वाचित महालक्ष्मी उपाध्याय डीना र बागमती प्रदेश भौतिक पूर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजालाई स्वागत सम्मान गरेको छ ।

सहकारी संस्थामा एक कार्यक्रमका बीच सहकारी संस्थाकी अध्यक्षसमेत रहेकी डीनालाई स्वागत सम्मान गरिएको हो । त्यसैगरी सहकारी संस्थाका शेयर सदस्य प्रजालाई पनि सहकारीले स्वागत सम्मान गरेको छ । प्रजा राज्यमन्त्री हुन् ।

स्वागत सम्मान कार्यक्रममा नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाका निवर्तमान सभापति आनन्दराम पराजुली, सहकारी संस्थाका उपाध्यक्ष डा.गणेश बल लामा, सचिव गणेश प्रसाद भेटवाल, सदस्यहरु निलम बजगाई, लक्ष्मी श्रेष्ठ, सर्मिला डंगोल, सहकारी संस्थाको व्यवस्थापक रमेश कोइराला लगायत संस्थाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा ज्येष्ठ नागरिक अस्पताल बनाउने स्वास्थ्य मन्त्री खतिवडाको घोषणा



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरका प्रतिनिधिसभा क्षेत्र २ बाट सांसद निर्वाचित संघीय सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले मकवानपुरमै ज्येष्ठ नागरिक अस्पताल बनाउन आफुले योजना अघि बढाएको बताएका छन् ।

नेकपा एकीकृत समाजवादीका स्थायी कमिटी सदस्य समेत रहनु भएको उहाँले पार्टीको मनहरी गाउँपालिका ७ नं वडा सम्मेलनलाई सम्बोधन गर्दै सकेसम्म मकवानपुर जिल्लामै ज्येष्ठ नागरिक अस्पताल निर्माण अघि बढाउन खोजिएको बताए ।

'ज्येष्ठ नागरिक अस्पतालका लागि उपयुक्त जग्गा खोज्नका लागि तीन सदस्यीय समितिले काम गरिरहेको छ', मन्त्री खतिवडाले भन्नुभयो 'समितिले मकवानपुरमै जग्गा फेला पारेको खण्डमा ज्येष्ठ नागरिक अस्पताल मकवानपुरमै बनाउने गरी प्रक्रिया अघि बढाउनेछु ।'

उनले कोरोना बिरुद्धको खोपको कुनै समस्या नरहेको भन्दै पर्याप्त रुपमा खोप लगाउने कार्यलाई अघि बढाउन सबै स्वास्थ्य संस्थाहरुलाई सक्रिय पारिएको बताए । केही समयभित्रै बुस्टर डोज खोप लगाउने व्यवस्था समेत मिलाइने उनले बताए । अन्तर ाष्ट्रिय स्तरमा बालबालिकाका लागि समेत खोपको आविस्कार भई प्रयोगमा आएमा नेपालले पनि उक्त खोप खरिद गरेर बालबालिकाहरुलाई लगाउने कामलाई प्रभावकारिताका साथ अघि बढाउने उनले बताए ।

राजनीतिक प्रसंगमा उहाँले केपी ओलीले पटक पटक मारेको प्रतिनिधि सभा बैठकमा अहिले रमिता देखाउने काम भइरहेको आरोप लगाए । 'संसद मार्ने पनि आफै, मारिएको संसद पुनर्जीवन दिएर ल्याएपछि हंगामा मच्चाउने पनि आफै', मन्त्री खतिवडाले भने 'त्यस्ता लाज नभएका ओलीलाई देश र पार्टी सुम्पनु नै गलत भयो ।' ओलीको कार्यकालमा ७० करोडवालाहरु मन्त्री भएको भन्दै आफ्ना आसेपासेहरुलाई मन्त्री र राजकीय क्षेत्रहरुमा असबर दिने, आलोचना गर्ने र विधिपद्धतिको कुरा गर्नेहरुलाई सदैब डोमिनेट गर्ने ओलीको परिपाटीका कारण नेपालको कम्युनिष्ट आन्दोलन असफल हुन लागेपछि आफूहरुले नेकपा एकीकृत समाजवादी पार्टी गठन गरेर सहज अबतरण गरेको उनले भनाइ छ ।

'त्रिशुलीमा बस खस्दैछ भन्ने थाहा पाएर हामीले झ्याल ढोका र सिसा फुटाउँदै हाम फालेर बाँचेका हौं', मन्त्री खतिवडाले कम्युनिष्ट आन्दोलनलाई ओलीले त्रिशुलीमा झर्न लागेको बसको संज्ञा दिँदै भने- 'अब कम्युनिष्ट आन्दोलन, बामपन्थी एकता सबै चीज बाँच्ने निश्चित भएको छ ।' कार्यक्रममा ओलीका एकल सोच, विचार र व्यक्तिगत अहमताले पार्टीलाई दुर्घटनातिर लगेपछि नयाँ पार्टी गठन गर्नुपरेको केन्द्रीय सदस्य मुनु सिग्देलले बताइन् ।

जिल्ला अध्यक्ष श्रीधर पोखरेल, जिल्ला सचिवालय सदस्य भूमिनन्द अर्याल, कृष्णबहादुर चेपाङ, मनिला बिष्ट, रामकुमार एलन, नवप्रवेशी सूर्यमान प्रजा (चेपाङ) लगायतले शुभकामना मन्तब्य ब्यक्त गर्नु भएको थियो । सोही अबसरमा नेकपा एमाले, राप्रपा, काँग्रेस र माओवादी परित्याग गरी ३० जनाभन्दा बढी मानिसहरु समाजवादी पार्टीमा समाहित भएको गाउँ कमिटी अध्यक्ष नारायण श्रेष्ठले जानकारी दिए ।

# जिल्ला स्तरीय पुरुष भलिबल आजबाट



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुर गढीमा हुने जिल्ला स्तरीय रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम भएको छ ।

आमभञ्ज्याङ युवा क्लब मकवानपुरगढी ५ को आयोजनामा प्रतियोगिता हुन लागेको हो । आज बुधबार १४ गते उद्घाटन गरी खेल प्रतियोगिता हुने खेल कार्यक्रम संयोजक इन्द्रप्रसाद सञ्जेलले बताए । प्रतियोगितामा १२ वटा टिम दर्ता भएको र उद्घाटन खेल कैलाश गाउँपालिका र बज्रबाराही क्लबबीच हुने उनले बताए ।

प्रतियोगितालाई गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईले उद्घाटन गर्ने कार्यक्रम तय रहेको जनाइएको छ । प्रतियोगितामा प्रथम हुनेले ६६ हजार ६६६ नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र र द्धितिय हुनेले ३३ हजार ३३३ नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिने क्लबका अध्यक्ष राजेश अधिकारीले बताए ।

प्रतियोगितामा तृतीय हुनेले १५ हजार सहित शिल्ड, मेडल र प्रमाणपत्र र सान्त्वना हुनेले ५ हजार नगद सहित प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । प्रतियोगितालाई मकवानपुरगढी गाउँपालिकाले प्रायोजन गरेको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ५ हजार, वेष्ट स्पाइकरलाई २ हजार, वेष्ट सेटरलाई २ हजार, वेष्ट ब्लकरलाई २ हजार र अनुशासित टिमलाई ३ हजार पुरस्कार रहेको आयोजकले जनाएको छ ।




RAJ MOTORS
Hetauda-10
057-526460, 9855068060, 9845025934


## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) मिति २०७८ पुस १२ गते हेटौंड-९ एचआइडीबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी बुझाइदिनु हुन अनुरोध गरिन्छ ।

**नाम:** इन्द्र श्रेष्ठ
**ठेगाना (साबिक):** उग्रचण्डी नाला-५, काभ्रे
**ठेगाना (हाल)**- बनेपा-४, काभ्रे
**लाइसेन्स नम्बर:** ०१-०२-००८२२५६३
**सम्पर्क नम्बर:** ९८४२०३१३४९

पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क गर्नुहोला ।


## कर्जा चुक्ता गर्ने १५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित शेयर सदस्य ऋणिहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जाको सर्त मुताविक संस्थालाई तिर्नुपर्ने बाँकी सावा तथा ब्याज तिर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, मोबाइल तथा पत्रहरुद्वारा अनुरोध गर्दा पनि आजसम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाइ बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस सस्थालाई नियमानुसार तिर्नपर्ने सम्पूर्ण रकम नतिरेमा धितो जमानत दिने ब्यक्ति समेतको ३ पुस्ते नामावलीसमेत स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गरिने ब्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| नाम | ठेगाना |
|---|---|
| भिमसेन घलान | हेटौडा १३,टुटेपानि |
| सुक्रम खड्की | हेटौडा ३ |
| सुर्य कुमारी मगर | हेटौडा ८,कमाने |
| रोमन आचार्य(बिन्दावासिनि सप्लायर्स) | हेटौडा ६,निउरेनि |
| दल बहादुर बैज्यु | मकवानपुर गढि ४ |
| बद्रि बहादुर धागामगर | कोगटे,भिमफेदी |
| सानु वावु बज्रचार्य | हेटौडा २,संगमचोक |
| गोकर्ण थापा मगर | हेटौडा ३,बसामाडि |
| शुक्र राजथला | हेटौडा २,बनस्खडि |
| ओम प्रकाश केशरी | स्थायि बारा बंधवन ७, हाल हेटौडा ४ सिमाचोक |
| नमबहादुर बराल | हेटौडा ५ |
| शिवचन्द्र प्रसाद कलवार | हेटौडा ४,स्थायि बारा महेशपुर ८ |
| प्रकाश रैइया | हेटौडा ९ |
| रोसन नेगि | हाल हेटौडा २,स्थायि नामटार ६ |
| सत्यभमा मास्के | हेटौडा २ |
| सुनिल राउत | हेटौडा १०,स्थायि निजगढ ६ ,बारा |
| ज्ञानिमाया रुम्बा | हेटौडा २, स्थायि नामटार ६ |
| शुसिला विश्वकर्मा | हेटौडा ४,स्थायि हटिया ९ |
| अमन भण्डारी | स्थायि हरीवन ९,हाल हेटौडा ४ |
| किरण मुखिया | हेटौडा ४ |
| मच्छेन्द्र लाल नकर्मी | हेटौडा ४ |
| जुनु विश्वकर्मा | हेटौडा १९,बस्तिपुर |

**दिब्यतारा बहुउद्धेश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, मकवानपुर,
फोन नम्बर : ५२४९१६
**इमेल** : *divyatara2000@gmail.com*

गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, ,फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



साझाकुरा
"तपाईं, हामी सबैको कुरा "
www.sajhakuranews.com
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना